# श्री निकेतन माध्यमिक विद्यालय, माधवपुर

मानेभञ्ज्याङ-९, ओखलढुंगा
स्थापित :- २०११

सञ्चालित कक्षा बाल विकास देखि कक्षा १० सम्म
विद्यालय कोड नं. : १२०२७०००३
बैङ्क खाता नं. : २४८००००६६३०१
प्र.अ. को सम्पर्क नं. : ९८६११५९५३६

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर :

मिति : २०८२/०४/२६

**विषय :-** **विद्यालय सहायक कर्मचारी (लेखापाल) को विज्ञापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस श्री निकेतन माध्यमिक विद्यालय माधवपुर मानेभञ्ज्याङ-९ लाई च.नं. २८५४ को मिति २०८२/०३/२६ गतेको मानेभञ्ज्याङ गाउँपालिका कार्यालयको अनुमति पत्रानुसार र यस विद्यालयको विद्यालय सहायक कर्मचारी छनौट समितिको मिति २०८२/०४/०२ गतेको बैठकको निर्णयानुसार रिक्त विद्यालय सहायक कर्मचारी (लेखापाल) पदपूर्ति गर्नुपर्ने हुनाले १८ वर्ष पुरा भई ४० वर्ष उमेर ननाघेको तपशिलमा उल्लेखित रिक्त पदपूर्ति गर्नका लागि इच्छुक नेपाली नागरिकहरुले यो विज्ञापन प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्तको आवहान गरिएको छ ।

तपशिल

- **विज्ञापन नं.** :- ०१/०८२/०८३
- **पदसंख्या** :- १ (एक)
- **पद** :- विद्यालय सहायक कर्मचारी (लेखापाल)
- शैक्षिक **योग्यता** :- व्यवस्थापन संकाय वा मूल विषय अर्थशास्त्र लिई कक्षा १२ उत्तीर्ण गरेको ।
- सेवा सुविधा :- संघिय तथा स्थानीय सरकारवाट प्राप्त अनुदान बमोजिम ।
- निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :-
  (क) शैक्षिक योग्यताको प्रमाण-पत्र १/१ प्रति प्रतिलिपी निवेदन साथ पेश गर्ने ।
  (ख) नेपाली नागरिकताको प्रमाण-पत्र प्रतिलिपी थान-१ ।
  (ग) निरोगिताको प्रमाण-पत्र सक्कलै ।
- **दरखास्त मिति** :- २०८२/०४/२६ गते देखि २०८२/०५/०९ गते सम्म । (विद्यालय समय भित्र)
- **परीक्षाको किसिम** :- लिखित र मौखिक ।
- **परीक्षा मिति** :- सम्पर्क मितिको दिन परीक्षा मिति तोकिने छ ।
- **परीक्षा हुने स्थान** :- मानेभञ्ज्याङ्ग गा.पा. शिक्षा, युवा तथा खेलकुद शाखा ।
- **परीक्षा दस्तुर** :- १०००।- (एक हजार रुपैयाँ मात्र) )
- **सम्पर्क मिति** :- २०८२/०५/१० गते ।
- **आवश्यक जानकारीको लागि** : मोबाईल नं. प्र.अ. ९८६११५९५३६, अध्यक्ष ९८५१००२७६९
  - ➢ रित नपुगि आएको निवेदन उपर कुनै किसिमको कारवाही गरिने छैन साथै दरखास्त दस्तुर समेत फिर्ता हुने छैन ।

नविन कुमार राई
**प्रधानाध्यापक**

## विद्यालय सहायक कर्मचारी (लेखापाल) नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम-२०८२

लिखित परीक्षाको योजना (Written Examination Scheme)

| विषय क्षेत्र | प्रश्नको किसिम | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्नको अङ्कभार | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | वस्तुगत/वहुवैकल्पिक | २५ | ४० | २५ | १ | २५ मिनेट |
| विषगत परीक्षा | विषयगत | ७५ | | १५ | ५ | २ घण्टा ३५ मिनेट |

### खण्ड क वस्तुगत प्रश्नहरु (सामान्य ज्ञान)

| क्र. सं. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | कुल अङ्क |
|---|---|---|---|---|
| १ | सामान्य ज्ञान | | | |
| | • **ब्रह्माण्ड सम्बनिध जाकारी :** सौर्यमण्डल, सूर्य, ग्रह, तारा, पृथ्वीको उत्पत्ति | १ | १ | |
| | • **विश्वको भुगोल :** महासागर, महादेश, आक्षांश, देशान्तर, पर्वत, श्रृङ्खला, मरुभुमी, नदी र महासागर | १ | १ | |
| | • **नेपालको भूगोल :** भौगोलिक अवस्था, धरातलीय स्वरुप, किसिम र विशेषता, प्राकृतिक स्रोतहरु, किसिम र उपलब्धता, हावापानीको किसिम, विशेषता | १ | १ | |
| | • **नेपालको इतिहास, संस्कृति र सामाजिक व्यवस्था :** प्राचीनकाल (किराँत र लिच्छवी), मध्यकाल र आधुनिककालको सामाजिक, आर्थिक एवं राजनीतिक अवस्था, सामाजिक प्रथा, परम्परा, मूल्य र मान्यता | १ | १ | १० |
| | • **नेपालको आर्थिक अवस्था :** नेपालको अर्थतन्त्रको स्वरुप, विकासका पूर्वाधारहरु : शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, सञ्चार र विद्युत, राष्ट्रिय गौरवका आयोजनाहरु | २ | २ | |
| | • **वातावरण, विज्ञान र प्रविधि :** दिगो विकासका अवयहरु, लक्ष्य, उद्देश्य र रणनीति, विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, हरितगृह प्रभाव, जनसङ्ख्यिकीय, शहरीकरण र बसार्य सराईको वर्तमान अवस्था, सूचना तथा सञ्चार प्रविधि । | १ | १ | |
| | • **अन्तराष्ट्रिय सम्बन्ध तथा संघ/संस्था :** संयुक्त राष्ट्रसंघ, यसका अंगहरु विशिष्टीकृत संस्था, सार्क, विमस्टेक, विश्व बैंक, एशियाली विकास बैंक । | १ | १ | |
| | • राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक, साहित्य, खेलकुद लगायत समसामयिक घटना सम्बन्धि जानकारी | २ | २ | |
| २ | **सामान्य वौद्धिक परीक्षण/गणितीय क्षमता :** | | | |
| | • शब्द ज्ञान परीक्षण (Word knowledge tests)<br>शाब्दिक वर्गिकरण (Verbal classification)<br>विपरीतार्थक, समानार्थी (Antonyms, Synonyms), समरुपता, (Analogies) | २ | २ | ५ |
| | • नाफा, नोक्सान (Profit and Loss)<br>प्रतिशत र अनुपात (Percentage and Ratio)<br>गणितीय पजलहरु (Mathematical Puzzles)<br>भिन्न र दशमलव (Fraction and Decimal)<br>छुटेका संख्याहरु पुरा गर्ने (Fill in the Missing Numbers) | ३ | ३ | |
| ३ | सूचना तथा सञ्चार प्रविधि : | | | |
| | • कम्प्युटर सम्बन्धि अफिस प्याकेज (Ms Word, Excel, Powerpoint, | २ | २ | |

नविन कुमार ... प्रधानाध्यापक

| | | | | |
|---|---|---|---|---|
| | Email, Internet, Artificial Interlligence)<br>• विद्यालयमा प्रयोग गरिने साधारण सफ्टवेयर (EMIS, SAS)<br>• शिक्षण सिकाईमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (ICT) सामग्रीहरु तथा एप्लिकेशनहरु)<br>• साईबर अपराध र सुरक्षा, डिजिटल डाटा सुरक्षा | १<br>१<br>१ | १<br>१<br>१ | ५ |
| ४ | संविधान, शिक्षा सम्बन्धि ऐन तथा नियमहरु :<br>• नेपालको संविधान (शिक्षा सम्बन्धि)<br>• शिक्षा ऐन, २०२८<br>• शिक्षा नियमावली, २०५९<br>• मानेभन्ज्याङ गा.पा. को शिक्षा ऐन २०७६, (संशोधन सहित) | २<br>१<br>१<br>१ | २<br>१<br>१<br>१ | ५ |
| | कुल | | | |

## खण्ड ख विषयगत प्रश्नहरु

| एकाई | विषयवस्तु | अङ्क |
|---|---|---|
| एकाई : १<br>कार्यालय व्यवस्थापन | • पत्र व्यवहार : परिचय, उद्देश्य, पत्र लेखन, पत्रका गुणहरु<br>• दर्ता र चलानी : परिचय, सूचना, परिपत्र, तोक आदेश, टिप्पणी लेखन<br>• अभिलेख व्यवस्थापन : अभिलेखको परिचय, उद्देश्य, प्रकार र अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग<br>• प्रतिवेदन लेखन : परिचय, तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु<br>• फाईलिङ्ग : परिचय, आवश्यकता विधि एवम् तारिकाहरु<br>• आर्थिक पारदर्शिता विद्यालय लेखा कर्मचारीको भूमिका<br>• चेक परिचय, प्रकार, बैंक स्टेटमेन्ट, अनलाईन बैंकिङ्ग सम्बन्धि जानकारी | २० |
| एकाई : २<br>लेखाशास्त्र | • लेखाको अर्थ, उद्देश्य, महत्व, लेखाका शब्दावलीहरु, लेखाको अवधारणा र सिद्धान्त<br>• दोहोरो लेखा प्रणाली परिचय, महत्व<br>• गोश्वारा भौचर, खातावही, सन्तुलन परीक्षण, नाफा नोक्सान खाता, वासलात सम्बन्धि सामान्य ज्ञान<br>• नगदमा आधारित लेखा प्रणाली, प्रोदभावीमा आधारित लेखा प्रणाली<br>• लेखापाल पद्धतिका नियमहरु : परम्परागत र आधुनिक विधि<br>• विल, भर्पाई, प्यान विल भ्याट विल, जिन्सी (खप्ने र खपप्ने) सम्बन्धि जानकारी | २० |
| एकाई : ३<br>सरकारी श्रेस्ता प्रणाली : | • सरकारी श्रेस्ताको परिचय, उद्देश्य, विशेषता, कोष तथा लेखा नियन्त्रकको कार्यालय, आतंरिक तथा अन्तिम लेखा परीक्षण, विद्यालयको सामाजिक परीक्षण<br>• आयकर ऐन अनुसार टि.डि.एस. तथा करका दरहरु सम्बन्धि जानकारी<br>• गोश्वारा भौचर (म.ले.प.फा.नं. २०३) को परिचय र प्रयोग<br>• विद्यालय लेखाङ्कन दिग्दर्शन २०७६ | २५ |
| एकाई : ४ | • कार्यालय व्यवस्थापनमा कम्प्युटर प्रणालीको आवश्यकता र महत्व<br>• शिक्षण सिकाईमा सूचना तथा प्रविधिको प्रयोग<br>• विद्यालयमा प्रयोग हुने कम्प्युटरकृत लेखाङ्कन परिचय, महत्व तथा चुनौतीहरु | १० |

नविन कुमार राई
प्रधानाध्यापक

CamScanner

अन्तर्वार्ताको योजना (Interview Examination Scheme)

१. शैक्षिक योग्यता वापत ५ अङ्क

विद्यालय सहायक कर्मचारीको रूपमा प्रवेश गर्न तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा तीन, द्वितीय श्रेणी भएमा दुई र तृतीय श्रेणी सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितीय भए एक अङ्क तथा GPA को हकमा शिक्षा सेवा आयोग वमोजिम हुनेछ ।

२. अन्तर्वाता वापत १५ अंक (व्यक्तित्व/आचरण-३, विषयवस्तुको ज्ञान-९, प्रस्तुतीकरण-३) तर अन्तर्वाताको अंक दिंदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुभर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

द्रष्टव्य :

१. सामान्य परीक्षा (वस्तुगत बहुबैकल्पिक प्रश्नहरु) को लागि २५ मिनेट समय निर्धारण गरिएको छ ।

२. विषयगत परीक्षाको लागि २ घण्टा ३५ मिनेट समय निर्धारण गरिएको छ ।

३. सामान्य परीक्षा (बस्तुगत/बहुवैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा

४.प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।

५. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेको कानून (ऐन, नियम) तया नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

प्रधानाध्यापक